(आ.व. २०८१/०८२) बैठक नं.

आज मिति २०८२ साल असार ०७ गते शनिवारका दिन हरिपुर नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री गोपाल पजियार ज्यूको अध्यक्षतामा बसि निम्न अनुसारको प्रस्तावहरुको विषयमा छलफल गरि निर्णय गरियो ।

## उपस्थिती

| क्र स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गोपाल पजियार | नगर प्रमुख | |
| २ | निलम देवी राय यादव | नगर उपप्रमुख | |
| ३ | नानी बाबु थापा | सदस्य(वडा अध्यक्ष वडा नं.१) | |
| ४ | निल विक्रम थापा | सदस्य (वडाअध्यक्ष वडा नं.२) | |
| ५ | लाल महम्द शेष | सदस्य (वडाअध्यक्ष वडा नं.३) | |
| ६ | संजय प्रसाद साह | सदस्य (वडा अध्यक्ष वडा नं.४) | |
| ७ | सुरेन्द्र प्रसाद चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.५) | |
| ८ | प्रेमहरि श्रेष्ठ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | |
| ९ | मनोज कुमार चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.७) | |
| १० | हरि बहादुर थापा | सदस्य (वडाअध्यक्ष वडा नं.८) | |
| ११ | विश्वनाथ राय | सदस्य (वडाअध्यक्ष वडा नं.९) | |
| १२ | फिरोजा खातुन | सदस्य (महिला) | |
| १३ | सुमित्रा देवी | सदस्य (महिला) | |
| १४ | सिमरिखिया देवी दास | सदस्य (महिला) | |
| १५ | गंगीया देवी | सदस्य (महिला) | |
| १६ | चितोरिया कुमारी चौधरी | सदस्य (महिला) | |
| १७ | सिताशरण साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १८ | हिरा विश्वकर्मा | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १९ | सन्तोष प्रसाद साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| २० | विनय पौडेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

मिति २०८१।०३।०७ गते

**प्रस्ताव**

१. पूर्व निर्णयको समीक्षा सम्वन्धमा ।
२. नीति तथा कार्यक्रम २०८२ अनुमोदन सम्बन्धमा ।
३. आर्थिक विधेयक २०८२ अनुमोदन सम्बन्धमा ।
४. विनियोजन विधयक २०८२ अनुमोदन सम्बन्धमा ।
५. आर्थिक सहयोग सम्वन्धमा ।
६. वडा नं. ३ फरहदवामा डिप बोर्डिंग जडान भएको स्थानसम्म पोल तार व्यवस्थापन सम्वन्धमा ।
७. आर्थिक सर्भेक्षणको प्रारम्भिक प्रतिवेदन सम्वन्धमा ।
८. जग्गादाताहरुलाई समान कार्यक्रम सम्वन्धमा ।
९. वडा नं. २ गढीमाई मन्दिर व्यवस्थापन कार्यको रकम भुक्तानी सम्वन्धमा ।
१०. ट्राफिक प्रहरी कार्यालयलाई कम्प्युटर खरिद गर्ने सम्वन्धमा ।
११. नालाको मुद्दामा भएको खर्चको भुक्तानी सम्वन्धमा ।
१२. विविध सम्वन्धमा ।

निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको पछिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समीक्षा गर्दै उक्त निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्वन्धीत विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएका नीति तथा कार्यक्रमलाई अनुमोदन गर्दै नगर सभामा स्विकृतीको लागि पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा स्थानीय राजश्व परामर्श समितिबाट सिफारिस भई पेश भएका आर्थिक विधेयक अनुमोदन गर्दै स्विकृतीको लागि नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४ माथि छलफल गर्दा श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएका विनियोजन विधेयक अनुमोदन गर्दै स्विकृतीको लागि नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५ मा छलफल गर्दा यस नगरपालिका कार्यालयमा विभिन्न मितिमा आर्थिक सहायताको लागि पेश भएको देहायका निवेदनहरुलाई श्रीमान् नगर प्रमुख ज्यूको तोक आदेश अनुसार आर्थिक सहायताको हरिपुर नगरपलिकाको आर्थिक सहायता वितरण कार्यविधि २०७९ मा परिच्छेद ३ मा ७ र ८ मा उल्लेख भए अनुसारको रकम आ.व. २०८१।०८२ को तेह्रौ नगरसभाको नगर विकास योजनाको हरिपुर नगरपालिकाको चालुगत खर्च शिर्षकमा विपन्न परिवारलाई आर्थिक सहयोग खर्च शिर्षकमा विनियोजन भएको रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

मिति २०८१।०३।०७ गते

| क्र.सं. | आर्थिक सहायताको लागि पेश भएको निवेदनको नाम | वार्ड नं. | ठेगाना | के कारण आर्थिक सहायता माग गरेको | वडा समितिको निर्णय मिति र पाना नं. | वडा कार्यालयको मिति, च.नं. | आर्थिक सहायता रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १ | सुनिल चौधरी | ८ | हरिपुर | स्वास्थ्य उपचार | २०८२।३।४ | २०८२।३।३ च.नं. ९२२ | ६०००।०० |
| २ | प्रमोद चौधरी थारु (मिथला देवी) | ६ | हरिपुर | स्वास्थ्य उपचार | २०८२।२।१६ | २०८२।०२।१४ च.नं. १२७८ | ६०००।०० |
| ३ | सन्तोष गिरी | ७ | हरिपुर | स्वास्थ्य उपचार | २०८२।२।६ | २०८२।३।६ च.नं. १४७७ | ६०००।०० |

प्रस्ताव नं. ६ मा छलफल गर्दा यस नगरपालिका अन्तर्गत वडा नं. फरहदवामा प्रदेश सरकारको सशर्त कार्यक्रममा डिप बोर्डिंग जडान कार्य भईरहेको र उक्त ठाउँमा पोल र तार नभएको हुँदा बोर्डिंग संचालनमा कठिनाई भएको हुँदा उक्त बोर्डिंग जडान सम्म पोल र तारको व्यवस्था गर्न यस नगरपालिकाको १४ औ नगरसभाको सि.नं. ४८ मा विजुली पोल तार जडान कार्य खर्च शिर्षक नं. ३११५३ मा ५,००,०००।०० विनियोजन भएको रकमबाट उक्त बोर्डिंग जडान सम्म पोल र तारको व्यवस्था गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७ मा छलफल गर्दा यस नगरपालिकामा सेन्टर फर रिजिलियन्स एण्ड डिभलपमेन्ट प्रा.लि., मध्यपुर ठिमी, भक्तपुरको चलानी नं. २६-२०८१।०८२, मिति २०८२।०३।०३ गतेको आर्थिक सर्भेक्षणको प्रारम्भिक प्रतिवेदनको मस्यौदालाई कार्यपालिकामा छलफल गरी नगरसभामा अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ८ मा छलफल गर्दा यस नगरपालिका अन्तर्गतका देहायका व्यक्तिहरुले यस नगरपालिका कार्यालय अन्तर्गत वडा कार्यालय, विद्यालय, पिडारी आयुर्वेद शाखा र स्वास्थ्य संस्थालाई जग्गा दाताहरुले निशुल्क जग्गा उपलब्ध गराईएकोले यस नगरपालिकाको १५ औ नगरसभामा जग्गादाताहरुलाई समान कार्यक्रम गर्ने निर्णय गरियो ।

१. स्व. ठगा चौधरी-हरिपुर वडा नं. ५, हरिपुर नगरपालिका, सर्लाही
२. श्री प्रेमहरि श्रेष्ठ-हरिपुर वडा नं. ६, हरिपुर नगरपालिका, सर्लाही
३. श्री सुर्य नारायण राय यादव-हरिपुर वडा नं. ९, हरिपुर नगरपालिका, सर्लाही
४. श्रीमती वीन्दा देवी कल्वारीन-हरिपुर वडा नं. ९, हरिपुर नगरपालिका, सर्लाही
५ स्व. आनन्दी चौधरी थारु-हरिपुर वडा नं. ४, हरिपुर नगरपालिका, सर्लाही

मिति २०८१।०३।०७ गते

६ स्व. जय करण चौधरी-हरिपुर वडा नं. ४, हरिपुर नगरपालिका, सर्लाही

७ स्व. शुभकरण चौधरी-हरिपुर वडा नं. ४, हरिपुर नगरपालिका, सर्लाही

प्रस्ताव नं. ९ मा छलफल गर्दा यस नगरपालिका वडा नं. २ मा अवस्थित गढीमाईमा वडा नं. २ को वडास्तरीय कार्यक्रमको गढीमाई मन्दिर ब्यवस्थापन कार्य सम्पन्न भएकोले प्राविधिक मूल्यांकन, प्राविधिक सम्पन्न प्रतिवदेन, विल भर्पाई र वडा समितिको निर्णय र २ नं. वडा कार्यालयको प.सं. २०८१।०८२, च.नं. १९४५, मिति २०८२।०३।०५ गतेको रकम भुक्तानी सम्वन्धको प्राप्त पत्रानुसार गढीमाई मन्दिर ब्यवस्थापन उपभोक्ता समितिलाई रकम भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १० मा छलफल गर्दा यस नगरपालिका अन्तर्गतका जिल्ला ट्राफिक प्रहरी कार्यालय, नवलपुर, सर्लाहीको पत्रको माग अनुसार १ थान कम्प्युटर खरिद गर्न यस नगरपालिकाको १३ औं नगरसभाको पेज नं. ४८ को सि.नं. १२७ मा अन्य संस्था सहायताको खर्च शिर्षक नं. २५३१५ मा रकम रु. ५,००,०००।०० विनियोजन भएको रकमवाट रकम रु. ६०,०००।०० विनियोजन गरी उक्त कम्प्युटर खरिद गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ११ मा छलफल गर्दा यस नगरपालिका वडा नं ९ को नालाको मुद्दा जनकपुर उच्च अदालतमा भएको खर्चको रकम विल अनुसार भुक्तानी गर्ने निर्णय गरियो ।